# सिदार्थ बैंकको शाखारहित बैकिङ्ग सेवा प्रयोग गर्ने सेवाग्राहीहरुले ध्यान दिनु पर्ने कुराहरु

- शाखारहित बैंकिङ्गका हरेक ग्राहकले कारोबार गराउने व्यक्ति सिद्धार्थ बैंकले छनौट गरेको अभिकर्ता हो भन्ने यकीन भएपछि मात्र आफ्नो औंठाछाप र इलेक्ट्रोनिक कार्डको माध्यमबाट कारोबार गर्नु पर्नेछ ।
- ग्राहकले शाखारहित मार्फत बैंक खाता खोल्दा आफु स्वयंको मात्र औंठाछाप प्रमाणीकरण गर्नुपर्नेछ ।
- शाखारहित बैंकिङ्ग सेवा प्रयोग गर्न हरेक ग्राहकले बैंकबाट प्रदान गरिने इलेक्ट्रोनिक कार्ड अनिवार्य रुपमा लिनु पर्नेछ ।
- ग्राहकले कारोबारको प्रमाणिकरण गर्नु अघि शाखारहित काउन्टरमा राखिएको मेसिनबाट प्राप्त आवाज सुनेर कारोबार गर्न चाहेको सम्पूर्ण विवरण यकीन गरेर मात्र कारोबारको प्रमाणीकरण गर्नुपर्नेछ ।
- मेसिनले प्रत्येक कारोवार सम्पन्न भए पश्चात् कारोवार विवरणको प्रिन्ट उपलब्ध गराउँछ जुन अनिवार्य रुपमा ग्राहकले लिनु पर्नेछ ।
- मेसिनबाट अनुमोदन नभएको कारोबार तथा हस्तलिखित भौचर/पर्ची कारोबारको निस्साको रुपमा मान्य हुने छैन ।
- शाखारहित सेवाबाट रकम निकासा गर्दा खातावाला स्वयं उपस्थित हुनु पर्दछ ।
- ग्राहकहरुले आफूले जम्मा गरेको, झिकेको र बांकी मौज्दात रकम आदि सम्बन्धमा बैंक स्टेटमेन्ट लगाएत अन्य माध्यमवाट समय समयमा आफू अध्यावधिक हुन अनुरोध गरिन्छ ।
- व्यक्तिगत सम्बन्धको आधारमा कसैलाई रकम जम्मा गर्न दिइएको भए त्यस्तो रकम सम्बन्धित खातामा जम्मा भए/नभएको तुरुन्तै यकीन गर्नु पर्दछ ।
- आफ्नो खाता सम्वन्धी जानकारी तथा कारोवारको लागि आफ्नो मोवाईल नम्वर बैंकमा अध्यावधिक गर्ने तथा मोवाईल वैकिङ सेवा लिनुहुन प्रोत्साहन गरिन्छ ।
- कुनै पनि समयमा नेटवर्क समस्या वा अन्य प्राविधिक कारणले तत्काल कारोवार सम्पन्न हुन नसकेमा रकमको कुनै कारोवार नगार्नुहुन विशेष अनुरोध गरिन्छ ।
- सेवाग्राहीले कारोवार गरिसकेपछि शाखारहित केन्द्र छोड्नु अगावै मेसिन, मोवाईलमा SMS वा अन्य माध्यमबाट आफ्नो खाताको विवरण हेरी कारोवार भए/नभएको यकीन गर्नुपर्नेछ ।
- बैंकले शाखारहित बैंकिङ्ग सेवा बन्द गरेमा वा अभिकर्तासँगको सम्झौता रद्द गरेको खण्डमा सोको जानकारी सम्बन्धित वडा कार्यलय, शाखारहित सेवा रहेको स्थान तथा सम्बन्धित तालुक शाखा कार्यालयमा सुचना टाँसी प्रदान गरिनेछ ।
- शाखा रहित बैंकिङ्ग सेवाका सम्वन्धमा कुनै गुनासो भएमा वा कारोवारमा समस्या देखिएमा बैंकको शाखा रहित सेवा सम्वन्धि साईनबोर्डमा लेखिएको सम्वन्धित तालुक शाखा कार्यालयको फोन नम्वर वा केन्द्रिय कार्यालयको सम्वन्धित प्रत्यक्ष मोवाईल नम्वर: ९८१०२८१४४८ मा तुरुन्त सम्पर्क गरि जानकारी गराउनु पर्नेछ ।

SiddharthaBank

01-5970020 | www.siddharthabank.com | customercare@sbl.com.np